

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ३ गते आइतबार ❑ 20 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सरकार, सदन र सडकको मोर्चा समाजवादको आधार : गृहमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकार, सदन र सडक तीनवटै मोर्चाको संयोजनबाट समाजवाद निर्माणको आधार तयार गर्न सकिने विश्वास व्यक्त गर्नुभएको छ ।



नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश समितिको सातौँ पूर्ण बैठकलाई शनिबार पोखरामा सम्बोधन गर्दै पार्टीका वरिष्ठ उपाध्यक्षसमेत रहनु भएका गृहमन्त्री श्रेष्ठले संघ, प्रदेश र स्थानीय तह तीनै तहका सरकारको मोर्चा नै अहिले मुख्य रहेको र सदन सहयोगी रहेको उल्लेख गर्नुभयो । उहाँले नेपाली जनताको जीवनमा तात्कालिक आवश्यकता पूरा गरेर नयाँ जीवन दिनुपर्नेमा जोड दिनुभयो । गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "हालका उपलब्धिलाई राजनीतिक परिर्वतनको क्षेत्रमा सीमित गरियो भने परिर्वतनको औचित्य आम जनतामा पुष्टि हुन सक्दैन । जनताको जीवनमा राजनीतिक परिर्वतनले परिर्वतन ल्याउन सक्नुपर्दछ ।"

राष्ट्रिय एकता सुदृढ गर्नु, हालसम्मका उपलब्धि र संविधानको रक्षा गर्नु, संविधानलाई माध्यम र साधन बनाउँदै सामाजिक, आर्थिक रुपान्तरण गरी विकास र समृद्धिको यात्रा तीव्र बनाउनु देशको मुख्य कार्यभार रहेको उहाँले बताउनुभयो । वर्तमान सरकारले शान्ति प्रक्रियासँग सम्बन्धित बाँकी कामलाई छिटो टुङ्गोमा पुर्याउन चाहेको श्रेष्ठले बताउनुभयो । "सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगको काम पूरा गर्नुपर्ने छ, द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने छ, यसपटक हरहालतमा सङ्क्रमणकालीन न्यायको काम पूरा गरेर शान्ति प्रक्रियालाई समग्रमा टुङ्गोमा पुर्याउन सरकार लागिपरेको छ", गृहमन्त्री श्रेष्ठले भन्नुभयो । पार्टीले आगामी भदौ १६ देखि सञ्चालन गर्ने तीनमहिने 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान'लाई गण्डकी प्रदेशमा प्रभावकारी बनाउने गरी लाग्न यस प्रदेशका नेता-कार्यकर्तालाई उहाँले निर्देशनसमेत दिनुभयो । अभियानका क्रममा नयाँ सदस्यता वितरण, सङ्गठन सुदृढीकरण, सङ्गठन पुनःगठन र विस्तारको कामलाई व्यवस्थित गर्न वरिष्ठ उपाध्यक्ष श्रेष्ठले आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "जनताको बीचमा जाँदा हरेक जनताको घरमा पुग्नुपर्दछ, हाम्रो पार्टीको समर्थक मात्र होइन, विपक्षीको घरमा पुगेर सरकारले सुशासनका लागि गरेका कामका बारेमा सुझाव लिनुहोला । हामीले गरेको काम जनतालाई बताउनुपर्दछ, सुझाव लिनुपर्दछ र जनताले गाली गरे पनि सहनुपर्दछ ।"

## माकाजूको सफलताका कथाहरू लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

अग्रज साहित्यकार तथा लेखक रवीन्द्र माकाजूको ६५ औं कृति सफलताका कथाहरू शनिवार पोखरामा एक समारोहका बीच लोकार्पण गरिएको छ ।



कृतिको लोकार्पण गर्दै वरिष्ठ साहित्यकार सरुभक्तले जीवनी लेखनमा सत्य र तथ्यका लागि ध्यान दिनुपर्नेमा जोड दिए ।

उनले कृति लेखन, प्रकाशन, लोकार्पणलगायतका सन्दर्भ परिवेश र स्थान चयनले पनि जीवनमा सकारात्मक तथा नकरात्मक उर्जाका लागि प्रेरित गर्ने भएकाले त्यसमासमेत ध्यान दिन आवश्यक रहेको धारणा व्यक्त गरे । शिक्षासेवी प्रा.डा. रामचन्द्र पोखरेलले माकाजूको लेखन विषयको सार्थकता केन्द्रित रहने गरेकोमा आफूलाई खुसी लागेको बताए । पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले माकाजूको बहुआयामिकताको स्मरण गर्दै उनलाई होलटाइमर अभियन्ताका रूपमा चिनाए । कृतिका स्रष्टा रवीन्द्र माकाजूले विभिन्न क्षेत्रमा सफलता हासिल गरेका ३१ जना स्रष्टाका सफलताका कथालाई कृतिमा समावेश गरेको बताए । उनले जीवित स्रष्टाको जीवनी लेख्नु भनेको चुनौतीपूर्ण रहे तापनि यसको छुट्टै सुखानुभूति रहेको बताए । कार्यक्रममा पोखराप्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, ब्रह्मकुमारी ईश्वरी विश्वविद्यालयकी ब्रह्मकुमारी परिणिता, जनकविकेशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानका अध्यक्ष मदनराज थापा, बुद्ध अनुयायी मिन गुरु, अनेसास कास्की संस्थापक उपाध्यक्ष देवेन्द्र के.सी.लगायतले बोलेका थिए । सोही समारोहबीच लेखक माकाजूले ब्रह्मकुमारी ईश्वरी विश्वविद्यालयलाई सहयोग हस्तान्तरणसमेत गरेका थिए । अनेसास गण्डकीका कार्यवाहक अध्यक्ष कल्याण पन्तको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव असफल गौतमले गरेका थिए ।

## नेपाली कांग्रेसका भ्रातृ सङ्गठन चलायमान बनाउन लाग्छु : महामन्त्री थापा

**रासस**
काठमाडौं, २ भदौं

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीका भ्रातृ सङ्गठन तथा शुभेच्छुक संस्था चलायमान बनाउन आफू लाग्ने बताउनुभएको छ ।

इलाममा जिल्ला कार्य समितिले आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै शनिबार उहाँले पार्टीको सबैभन्दा पहिलो जग नै भ्रातृ तथा शुभेच्छुक संस्था भएकाले यसलाई चलायमान बनाउनुपर्नेमा जोड दिनुभयो ।

केही शुभेच्छुक संस्थाको जिल्ला तथा केन्द्रीय महाधिवेशन भइसके पनि भ्रातृ सङ्गठनहरूको महाधिवेशन गराउन पार्टीले पहल गर्नुपर्ने उहाँको भनाइ छ । यसमा आफ्ना तर्फबाट आफू लाग्ने र आफ्नो ठाउँबाट सबै लाग्न जरुरी रहेको उहाँको भनाइ छ ।

नेपाली कांग्रेस विधानअनुरुप चलेमा र अवसरको सदुपयोग गरेर अगाडि बढ्न सके अझ धेरै ठूला एवम् थुप्रै अवसर आउने उहाँको भनाइ छ । उहाँले कांग्रेस आफैँ सक्षम भएका कारणले पनि आगामी चुनावमा एक्लै जाने आँट गर्नुपर्ने बताउनुभयो ।

कांग्रेसका नेतृत्वमा जितेका स्थानीय तह तथा प्रदेश सरकारले जनताको कामलाई प्राथमिकताका साथ गर्न सके पनि आगामी चुनाव जित्न सहज हुने उहाँको भनाइ छ । नेपाली कांग्रेस इलाम नगरपालिकाको नगर सम्मेलन उद्घाटन गर्न इलाम आउनुभएका उहाँले शुक्रबार सूर्योदय नगरपालिकाको फिक्कलमा समेत कार्यकर्ता भेटघाट गर्नुभएको थियो ।

## सुन तस्करीमा पक्राउ परेका चिनियासँग भारतीय आधारकार्ड फेला

**रासस**
काठमाडौं, २ भदौं

हङ्कङबाट मोटरसाइकलमा राख्ने ब्रेक सुमा हालेर ल्याइएको करिब ६१ किलो सुन तस्करीमा पक्राउ परेका चिनियाँ नागरिकसँग भारतीय आधार कार्ड पनि फेला परेको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले पक्राउ परेकामध्ये दुई जनासँग भारतीय आधार कार्ड रहेको पाइएको जानकारी दिनुभयो । तीन जना चिनियासँग भने जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट जारी गरिएको नागरिकता र एक जनासँग जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी भएको नागकिरता फेला परेको पनि उहाँले बताउनुभयो ।

हालसम्म उनीहरूसहित २३ जनालाई सुन तस्करी प्रकरणमा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## भ्रष्टचारका दोषी जो कसैलाई छाड्दैनौं, उपप्रधान तथा गृहमन्त्री श्रेष्ठको भनाई

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

नेपाल सरकारका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टचारका दोषी जो कसैलाई नछाड्ने बताउनु भएको छ । प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति कास्कीले शनिबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले भ्रष्टचारका दोषी ठहरिय आफ्नै पार्टीका नेता वा पूर्व प्रधानमन्त्री जो कसैलाई नछाड्ने बताउनु भएको हो ।




सरकारले अहिले चालेको कदम सुशासनको अभियान समृद्धिको आधारको निम्ति गरी रहेको उहाँको भनाई छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा चालेको भ्रष्टचार बिरुद्धको यो कदम निरन्तर अघि बढ्ने बताउदै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले यसमा सिआईबीको टोलीले स्वतन्त्र ढंगले काम गर्न दिन सबै समक्ष आग्रह गर्नुभयो । अनुसन्धान तथ्यले किर्ते र संगठित अपराधमा संलग्नहरु जो जाहाँसम्म सिआईबिले तथ्य प्रमाणको आधारमा जाने भन्छ त्यहाँसम्म जाने उहाँले बताउनुभयो । अब किर्ते र संगठित अपराधलाई निष्कर्षमा पुराउन आफुहरुको जोड वल भएको बताउदै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले राजनीतिक पार्टी र गठबन्धनको बैठकले माग गर्दैमा सरकारले आफ्नो कार्यभार पूरा गरी छाड्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले दाबी गर्नुभयो ।

शान्ति प्रकृयाका बाँकी काम हर हालतमा पूरा गर्ने संकल्प लिएको उहाँले बताउनुभयो । त्यसको लागि पहिलाको त्यस सम्बन्धी ऐनलाई संशोधन गरी संसदमा पेश गरेको उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताउनु भयो । त्यो विधेयक पारित गर्ने प्रकृया संगसंगै सत्य निरुपण तथा मेलमिलाप आयोगलाई समेत पूर्णता दिएर त्यो कार्यभार पूरा गर्ने उहाँले बताउनुभयो । भ्रष्टचार बिरोधी र सुशासन कायम गर्न सरकार लागि राखेको अबस्थामा प्रमुख प्रतिपक्ष दल सहितका केही दलहरुले संसद अबरुद्ध गर्नु उचित निर्णय नभएको उहाँको भनाई थियो ।

राज्यको पेशागत रुपमा दक्ष र जिम्मेवार त्यसैको लागि भनेर निर्माण गरिएको संरचनाले काम गर्दा अर्को उच्च स्तरीय समिति बनाउन आवश्यक नभएको उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो "एक पटक संसदबाट एउटा समिति बनाएको थियो, जसको रिपोर्ट आयो सकियो, अर्को एक पटक केपी शर्मा ओली प्रधानमन्त्री हुँदा ३३ केजी सुन काण्डमा एउटा छानविन समिति बनाउनु भयो । त्यसको पनि रिपोर्ट मात्र आएको सुन आउन सकेन, जुन समितिले कसैलाई कारवाहीको सिफारिस समेत गर्न सकेन भने यस्तो उच्च स्तरिय समिति किन चाहियो ।" सिआईबीले अनुसन्धान अघि बढाउदा दोषीहरु पत्ता लाग्ने र उनीहरुलाई कानुनको दायरमा ल्याउन सक्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले जनाउनुभयो । गृह मन्त्रालयले दुई कुराको अन्त्यको घोषणा गरेको बताउदै उहाँले आर्थिक चलखेलले पदउन्नती बढुवा सरुवा गर्ने सबै बन्द गरिएको र अनावश्यक रुपमा राजनीतिक वा अन्य बाह्य प्रकारको हस्तक्षेपको आधारमा जिम्मेवार दिने र प्रशासनिक तथा सुरक्षाकर्मीहरुलाई अपमान गर्ने वा मनोवल गिराउने काम गर्न नदिने र उहाँहरुलाई स्वतन्त्र ढंगले स्वाभिमानपूर्वक काम गर्ने वातावरण आफुहरुले दिएको उहाँले बताउनुभयो ।

सुन काण्डको अन्तिम निष्कर्षमा पुराएर यसको नेटवर्क पहिचान गरी दोषी उपर कारर्वाही गर्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताउनुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सम्पूर्ण सुरक्षा र व्यबस्थापनको समिक्षा गरी नयाँ नीतिका साथ अघि बढ्ने योजना रहेको उहँले बताउनुभयो । माओबादी केन्द्रका बरिष्ठ उपाध्यक्ष समेत रहनु भएका उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ पार्टीको प्रदेश स्तरिय बैठक तथा प्रशिक्षणमा सहभागी हुन पोखरा आउनु भएको हो । सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थिया ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एन प्याक्सनको भाषा ज्ञान प्रतियोगितामा अञ्जुली प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

नेशनल प्याक्सन कास्कीले आयोजना गरेको अन्तर विद्यालय स्तरीय भाषा ज्ञान प्रतियोगितामा अञ्जुली आवसीय विद्यालय प्रथम भएको छ।

प्रतियोगितामा शान्ती वाटिका वोर्डिङ स्कूल द्धितीय, डायमण्ड मोडेल स्कूल तृतीय र हेम्जा वोर्डिङ स्कूल सान्त्वना भएका छन् । प्रतियोगितामा विजयी विद्यालयमा नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, द्धितीय उपाध्यक्ष केशवशरण पौडेल, सहसचिव प्रेमराज अधिकारीले ट्रफी मेडल प्रदान गरेका थिए। कार्यक्रममा फाइनल चरणमा प्रवेश गरेका दुई विद्यालय वाल प्रतिभा वोर्डिङ स्कूल र अक्सफोर्ड स्कूललाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगितामा



३६ विद्यालयको सहभागिता रहेको कार्यक्रम संयोजक राजु कायस्थले जानकारी दिए।

'विद्यालयका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले एन प्याक्सनले विविध कार्यक्रम गर्दै आएको छ' एन प्याक्स्न कास्कीका अध्यक्ष अधिकारीले भने, 'यस्ता खालका प्रतियोगिताले विद्यार्थीलाई थप उर्जा प्रदान गर्ने विश्वास लिएका छौं।'

प्रतियोगिताको सहजिकरणक डा.भूमिराज वस्ताकोटी, लोकचन्द्र खनाल, शिवहरी सुवेदी र जिवन सागर भण्डारीले गरेका थिए।

नेशल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव मनकाजी गुरुङ र कार्यक्रम सहसंयोक आत्माबहादुर थापाले बोलेका थिए।

# सञ्चार माध्यममा तामाङको सवाल एवं पत्रकारिता तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

२९ औं तामाङ प्रसारण दिवसको उपलक्ष्यमा तामाङ पत्रकार संघ कास्कीले शनिबार तामाङ बौद्ध सेवा समिति, संगमटोलमा सञ्चार माध्यममा तामाङको सवाल एवं पत्रकारिता तालिम सम्पन्न गरेको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेबि गुरुङले आफ्नो जातियता संरक्षणमा स्वयमंको अग्रसरता महत्वपूर्ण रहेको बताउनुभयो । स्वच्छ र निषपक्ष पत्रकारिता गर्दै तामाङ समुदायको मौलिक सँस्कृति, कला र गतिविधिका विषयमा कलम चलाई प्रविधिको माध्यमबाट राज्यका निकायसँग पनि समन्वय र सहकार्य गर्दै समाजको विकासमा योगदान दिनुपर्नेमा उहाँको जोड थियो । उपप्रमुख गुरुङले पत्रकारसँग न्यायिक समिति कार्यक्रम रहेको जानकारी दिदै आगामी दिनमा महानगर




सहकार्य र सहयोग गर्न तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा बोल्दै संघका सल्लाहकार एवं नेपाल तामाङ घेदुङका केन्द्रिय उपाध्यक्ष दिपक तामाङले तामाङ जातीको आफ्नै गर्विलो इतिहास रहेको भन्दै सामाजिक, राजनितिक, भाषिक लागायतमा बिस्तारै अघि बढिरेको र थप उपलब्धी, अधिकारका लागि हरेक क्षेत्रबाट माथि उकास्न जरुरी रहेको बताउनुभयो। त्यस्तै संघका सल्लाहकार एवं नेपाल तामाङ घेदुङ कास्की समन्वय समितिका सचिव मिनमाया तामाङले तामाङ समुदायमा अलिखित इतिहासहरु धैरै रहेको भन्दै त्यसलाई शुक्ष्म परिक्षण गरी लिखित रुपमा दस्तावेज बनाउनु अहिलेको आवश्यकता रहेको बताउनुभयो । नेपाल आदिबासी जनजाती पत्रकार महासंघ (फोनिज)कास्कीका अध्यक्ष दिलप्रसाद गुरुङले तामाङ जातीको भाषा, संस्कृति, परम्परालाई नवगठित तामाङ पत्रकार संघले उजागर गर्नेमा आफु विश्वस्त रहेको भनाई राख्नुभयो। तामाङ पत्रकार संघ कास्कीका अध्यक्ष पवित्रा तामाङले कास्की जिल्लामा बिशेष गरेर तामाङ समुदायको कला, सस्कृति, भाषाको जर्गेना गर्नको निम्ति संगठनको आवश्यकतालाई मध्यनजर गर्दै तामाङ पत्रकार संघको स्थापना भएको जानकारी दिनुभयो।

नवगठित तामाङ पत्रकार संघ कास्कीका पदाधिकारी एवं सदस्य साथै विद्यार्थीहरुलाई लक्षित पत्रकारिता तालिमको प्रशिक्षण रेडियो अन्नपुर्णका स्टेशन म्यानेजर सञ्जय कुमार मल्लले गर्नुभएको थियो । पत्रकारिता क्षेत्रमा लाग्दा पालना गर्नुपर्ने आचारसंहियता, पत्रकारिताको मूल्य र मान्यता लागायत बिषयहरु उहाँले प्रशिक्षण दिनुभएको थियो।

तामाङ सम्बद्ध विभिन्न संघसंस्थाहरुका प्रतिनिधिहरु सहित करिब ७० जनाको उपस्थिती रहेको सो कार्यक्रमको संचालन संघका उपाध्यक्ष सन्तोष तामाङले गर्नुभएको थियो भने स्वागत मन्तव्य सदस्य सुजन तामाङले राख्नुभएको थियो।

# कमलपोखरी टोलको अध्यक्षमा पुन: ईन्द्रवहादुर र आमा समुहमा पूर्ण कुमारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको १८औं साधारण सभा एवं छैठौ अधिवेशनले सु.ईन्द्रबहादुर गुरुङलाई पुनः अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले संस्थाका उपाध्यक्षमा सु.प्रेमबहादुर गुरुङ, सचिवमा खड़क बहादुर गुरुङ, कोषाध्यक्षमा आस कुमारी गुरुङ, सह सचिवमा उमा गुरुङ र सह कोषाध्यक्षमा दुर्गा गुरुङ चयन गरेको हो। त्यसैगरी सदस्यहरुमा क्रमश मिथु गुरुङ, सुकमायाँ वि.क, सुनिल गुरुङ, धनराज गुरुङ र दुर्गा बहादुर तामाङ रहेका छन्।

सोही दिन कमलपोखरी मार्ग टोल विकास संस्थाको आमा समुहको अध्यक्षमा पूर्णकुमारी गुरुङलाई पुनः अध्यक्षमा चयन गरेको छ । आमा समुहको उपाध्यक्षमा राम कुमारी तामाङ, सचिवमा खुसी माया गुरुङ र कोषाध्यक्षमा कमल सुव्वा गुरुङ चयन भएका छन्। सदस्यहरुमा क्रमश निशा गुरुङ, मन कुमारी गुरुङ, देवी सुनार, तिर्थ कुमारी





गुरुङ, सम्झना गुरुङ, पूर्ण काशी गुरुङ, पुष्पा गुरुङ रहेका छन्। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले विकास कार्यक्रमको लागि सदैव हजुरहरुको साथमा रहने वताए । कार्यक्रममा टोल विकास संस्थाका बिभिन्न ७० बर्ष पुगेका जेष्ठ नागरिक, उच्च शिक्षा हाँसिल गरेका सदस्यहरुका छोराछोरी र टोल विकासमा सहयोग गर्ने समाजसेवीहरुलाई सम्मान गरिएको थियो । कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु.इन्द्रवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष सु. रण बहादुर गुरुङ, सदस्य सु.प्रेमबहादुर गुरुङ, नवदुर्गा टोल विकास संस्थाका अध्यक्ष डम्वरवहादुर गुरुङ, बाँझापाटन तमु समाजका अध्यक्ष नासु.कृष्ण बहादुर गुरुङ, कमल टोल विकास संस्थाका अध्यक्ष शिव गौतम , कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तिर्थ बहादुर बस्नेत लगायत वोलेको कार्यक्रममा संस्थाको आमा समुहको अध्यक्ष पूर्ण कुमारी गुरुङले स्वागत र संस्थाका सचिव खड्क बहादुर गुरुङले संचालन गरेका थिए। कार्यक्रममा सचिव खडक वहादुर गुरुङको वार्षिक प्रगति प्रतिबेदन र कोषाध्यक्ष आश कुमारी गुरुङको आर्थिक प्रतिबेदन कार्यक्रममा पारित भएको छ । कार्यक्रममा संस्थाका सदस्यहरुले प्रस्तुत गरेको नाचगानले उपस्थित सवैलाई मन्त्रमुग्ध पारेको थियो।

## सुन तस्करीमा ...

पक्राउ गरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबीले) अनुसन्धान गरिरहेको छ। गत साउन ३ गते ठीक एक महिनाअघि राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पास भएर लैजान लागिएको सुनसहितको एक सय ५५ किलो रहेको ब्रेक सु बरामद गरेको थियो । दुई हप्ताको अनुसन्धानपछि थप अनुसन्धानका लागि विभागले प्रहरीको सिआइबीलाई हस्तान्तरण गरेको थियो।

# संसद् अवरोध संविधानसम्मत र नियमससंगत छैन : नेम्वाङ

**रासस**
काठमाडौं, २ भदौं

संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले संसद् अवरोध संविधानसम्मत र नियमसङ्गत नभएको बताउनुभएको छ । सङ्घीय संसद्द्वारा शनिबार यहाँ आयोजित 'संसद् र सञ्चार सम्बन्ध' विषय अन्तर्क्रियामा उहाँले मुलुकको संसदीय अभ्यासमा देखिने गरेको संसद् अवरोध नियमसँग नभएको उल्लेख गर्नुभयो।

नेकपा (एमाले) संसदीय दलका उपनेता नेम्वाङले भन्नुभयो, "संसद् अवरोध नियमसङ्गत छैन, नियमले अवरोध गर्न मिल्दैन, संविधानले पनि अनुमति दिएको छैन, राजनीतिकरुपमा गरिने हुनाले यसको पुनःपुष्टि गर्ने सम्बन्धित दलको जिम्मेवारी हो।" मुलुकमा पछिल्ला समय विमानस्थल बाहिर बरामद गरिएको सुन प्रकरणमा उच्चस्तरीय छानविन समिति गठन गर्ने किन गर्ने भन्ने विषयमा सत्तापक्ष र प्रतिपक्षबीच मतैक्यता हुन नसकेपछि सङ्घीय संसद्का दुवै सदन अवरुद्ध हुँदै आएका छन्। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले सदनमा पछिल्लो समय भइरहेको अवरोधप्रति आफ्नो सकारात्मक भाव नरहेको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "सदन अवरुद्ध मलाई मन परेको छैन, अवरोध नगरौं, संवाद गरौं, संवादको विकल्प संवाद मात्रै हो । अहिले भइरहेको अभ्यासले संसदीय पद्धतिको विकासमा सहयोग गर्दैन कि भन्ने लाग्छ।"

संसद्को हालसम्मको काम कारबाहीको मूल्याङ्कन गर्दै थप प्रभावकारी तुल्याउन नागरिक समाजसहित व्यक्ति रहेको उच्चस्तरीय स्वतन्त्र संयन्त्र बनाउनुपर्ने आवश्यकतामा पूर्वप्रधानन्यायाधीश श्रेष्ठले जोड दिनुभयो । संसद्ले दिने सूचना पूर्ण, चुस्त र आधिकारित हुनपर्ने आवश्यकता औंल्याउँदै उहाँले लोकतन्त्रको ज्यानका रुपमा रहेको संसद् र प्रजातन्त्रका पक्षमा सञ्चार जगत्लाई सधैँभर खबरदारी गर्न सुझाव दिनुभयो।

उपसभामुख इन्दिरा रानाले पत्रकारिता संसद् र आमनेपाली जनताको ऐनाका रुपमा रहेको धारणा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "मुलुकको सञ्चार जगत्ले राष्ट्र र जनताको हितका पक्षमा सधैं चनाखो भएर कलम चलाउन आवश्यक छ।" काठमाडौं उपत्यकाबाट प्रकाशन एवं प्रसारण हुने राष्ट्रिय सञ्चारमाध्यममा रही सङ्घीय संसद्लाई मुख्य बिट बनाएर समाचार सङ्कलन गर्दै आएका करिब ५० पत्रकार दुईदिने उक्त अन्तर्क्रियामा सहभागी हुनुहुन्थ्यो।

# आत्महत्या रोकथामका लागि पत्रकार आचारसंहिता

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

आत्महत्या रोकथामका लागि पत्रकार आचारसंहिता तयार भएको छ।

कोसिस, राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठनले 'आत्महत्या रोकथामका लागि पत्रकार आचारसंहिता-२०८०' तयार गरी शुक्रबार नेपाल पत्रकार महासङ्घ कास्की शाखालाई हस्तान्तण गरेको हो। आचारसंहिता कोसिसका परियोजना संयोजक सुदीप घिमिरेले महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीलाई हस्तान्तरण गर्नुभयो।


सरोकारवालाबीच विभिन्न चरणमा छलफलपछि आचारसंहिता तयार गरिएको कोसिसका परियोजना संयोजक घिमिरेले बताउनुभयो । आचारसंहिता तयार गर्न कोसिससँग वरिष्ठ अधिवक्ता सुरेन्द्र थापामगरले कानुनी सहजीकरण गर्नुभएको थियो। सन् २०२१ मा कास्कीमा आत्महत्या दर बढी देखिएपछि कोसिसले कास्कीलाई कार्यक्षेत्र बनाएर काम गरेको घिमिरेले बताउनुभयो। सञ्चार माध्यममा प्रकाशन/प्रसारण हुने समाचार कारण आत्महत्या गर्नेलाई प्रशय पाएको भेटिएपछि पत्रकार आचारसंहिता आवश्यक ठानी यसको निर्माण प्रक्रिया सुरु गरिएको उहाँले जानकारी दिनुभयो । आत्महत्याका समाचार सनसनीपूर्ण नबनाउने, सूचनालाई प्रमुख स्थान नदिने र बारम्बार नहोऱ्याउने, सूचनाको विस्तृत विवरण नदिने वा नखुलाउने, फोटो, भिडियोको प्रकाशन र प्रसारणमा ध्यान दिने, विशेष व्यक्तिवा सेलीब्रेटीको आत्महत्या रिपोर्टिङमा विशेष ध्यानदिने, गोपनीयता हकको सम्मान र विश्वसनीय जानकारी एवं स्रोत नखुलाउने जस्ता विषय आचारसंहितामा समेटिएको बताउँदै उहाँले यसको कार्यान्वयनले आत्महत्यादर घटाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासङ्घ कास्की अध्यक्ष भण्डारीले आचारसंहिता पुनः एकपटक पढेपछि कार्यान्वयनमा लैजाने बताउँदै कास्कीसँगै केन्द्रलाई पनि पालनाका लागि आग्रह गर्ने बताउनुभयो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

बिगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आराम छोडेर आरनमा रमाउँदै सुशील

**रासस**
बागलुङ, २ भदौ

जवानी पल्टनमा बित्यो । उमेरले डाँडा काट्नै थाल्यो तर केही गर्छु भन्ने हुटहुटीले छोडेको छैन । निधारमा पसिना बगेकै छ । शरीरका कपडा धुलै-मैलै छन् । हातमा हथौडा र फलाम तथा तामाका भाँडा चलेकै छन् ।

काठेखोला गाउँपालिका वडा नं ५, बिहुँको राहले गाउँको सानो झुपडीमा तामाका भाँडा बनाउँदै गर्दा भेटिनुभयो सुशील सुनार । पङ्क्तिकारसँग केहीबेर गफिनुभएका उहाँ उमेरले छ दशक नजिक हुनुहुन्छ । केही बेरको संवादमा सुशील पटक-पटक फ्ल्यासब्याकमा पुग्नुभयो र खोतल्नुभयो केही किस्साहरू । अभावले झेलिएको बालापन । अवसरले घेरिएको यौवनसँगै चुनौतीको सामना गर्न तयार बुढ्यौलीको अनुभव उहाँसँग छ ।

गाउँमा उहाँ एक्ला मेहनती भने हुनुहुन्न । गाउँभरि कालीगढ छन् । धेरैले तामा र फलामका भाँडा बनाउँछन् तर, गाउँकै अरु मेहनती कालीगढभन्दा उहाँ केही विषयले फरक हुनुहुन्छ । सुशील सानै छँदा उहाँका पिता पुर्खाले तामा र फलामका भाँडा बनाउँथे । बालिघरे प्रचलन रहेकै बेला विष्टका घरका भाँडा बनाउने बेला हजुरबुबा र बुबाहरूबाट सुशीलले सीप सिक्नुभयो । पन्ध्र वर्षको उमेरमा सिकेको सीपले जीवन चलाउन त्यो बेला कठिन थियो । साथीसङ्गी र परिस्थितिले उहाँलाई भारतीय सेनामा पुऱ्यायो । सुशील सानै उमेरमा भारतीय सेनामा भर्ती हुनुभयो । २१ वर्ष भारतीय सेनाको जागिरबाट अवकाश हुँदा उहाँ युवा उमेरकै हुनुहुन्थ्यो । सन् २००० मा आरमोर पल्टनमा हवल्दार रहनुभएको सुशील अवकाश भएर घर फर्किनुभयो । एक्काइस वर्ष दुःख गर्दा आर्जेको धन सुशीलले बालबच्चाकै हेरचाह र घर खर्चमा सकियो ।

"मलाई गर्मी मन पर्दैन, बरु गाउँमै जग्गा जोडेँ बाहिर गइन्", उहाँले भन्नुभयो, "बरु हथौडाकै साहरा लिउँ भन्ने लागेको थियो, तै पनि एक पटक विदेश जाउँ भनेर घर छोडियो ।" बीचको छ वर्ष बाउबाजेका पाला सिकेको सीप उहाँले काममा लगाउनुभयो । गाउँमै बसेर तामा र फलामका भाँडा बनाउनुभयो । सन् २००६ मा उहाँ मलेसिया लाग्नुभयो । मलेसियाको क्वालालम्पुर सहरमा आठ वर्ष बिताउनुभयो । "मासिक रु ८० हजार कमाउँथे, आठ वर्ष बसेपछि पुग्योजस्तो लागेर घर फर्कें," सुनारले सुनाउनुभयो, "सेक्युरेटी गार्डको जागिर सजिलै थियो ।" १५ वर्षको उमेरबाट सुरु भएको उहाँको मेहनतको यात्रा देश विदेश घुम्यो । मलेसियाबाट सन् २०१३ मा नफर्किने गरी घर फर्कनुभएका सुनार त्यसयता निरन्तर हथौडाको साथ लिइरहनुभएको छ । बिहानबेलुका घरको काम गर्नुहुन्छ । गोठभरि भैंसी छन् । दिउँसो गाउँकै सामुदायिक भवन नजिकै रहेको झुपडीमा तामा र फलामसँग कुस्ती खेल्नुहुन्छ । "महिनामा ८०/९० हजार त पेन्सन नै आउँछ, तर छोराहरूको भविष्यका लागि र आफ्नो सिपको सदुपयोगका लागि मेहनत गरिरहेको छु", सुनार भन्नुहुन्छ, "खान नपुगेर होइन, जीवन क्रियाशील राख्न र व्यवस्थित बनाउनका लागि मेहनत गर्छु ।" अक्सर मानिस पेन्सन पाएपछि सुखको जीवन खोजी गर्छन् । बसेर आराम गर्छन् तर, सुनारलाई सुविधा, आरामको पटक्कै चाहना छैन । "आफूले दुःख पाइयो, छोराहरूले भोग्न नपरोस् भनेर म मेहनत गर्छु", उहाँले भन्नुभयो, "आरनमा बसेर मेहनत गर्दा मलाई आनन्द लाग्छ ।" तामाका गाग्री, ताउलालगायतका भाँडा बनाउने सीप उहाँसँग छ । बञ्चरो, कोदाली, हँसियामा धार लगाउन उहाँ सीपालु हुनुहुन्छ । "यहाँ अरुले रु तीन हजार पाँच सय किलोदेखि पाँच हजारसम्म प्रतिकिलो तामा बिक्री गर्छन्, मेरो एउटै रेट छ, तामाका भाँडाको मूल्य प्रतिकिलो रु तीन हजार", सुशील भन्नुहुन्छ, "भाँडा बनाई नसक्दै घरबाटै बिक्री हुन्छन् ।"

उहाँले आफूले काम गर्दा गाउँलेले सुविधा पाएको र आफूलाई पनि आर्थिक आम्दानीसहित व्यस्त हुने बहाना मिलेको सुनाउनुभयो । काम निरन्तर गर्न पाउँदाको महिनामा उहाँले रु ७० देखि ८० हजार कमाउनुहुन्छ । "रु ४०/५० हजार त नचलेको महिना पनि कमाइ हुन्छ", सुनारले सुनाउनुभयो । बागलुङ बजारमा रु एक हजार चार सय किलोमा पाइने तामालाई भाँडाको आकारमा ढालेपछि रु तीन हजार प्रतिकिलो लिन र दिन कोही पनि नहिच्किचाउने उहाँले बताउनुभयो । सुनारका जेठा छोरा विदेशमा हुनुहुन्छ । माइला छोराको काठमाडौँमा व्यवसाय छ । साइँला छोरा इन्जिनियरिङ पढ्दैछन् भने कान्छा छोरा डाक्टरी पढ्दै छन् । "छोराहरूको पढाइ खर्च भाँडा बनाएरै पुऱ्याइरहेको छु, घर खर्च, आफ्नो खर्च पनि गज्जब चल्छ", सुनार भन्नुहुन्छ, "मेहनत गरेपछि गाउँमै कमाउन सकिन्छ ।" गाउँघरमा सामाजिक काम, मेला पर्व उहाँले छुटाउँदैनन् । गोठमा रहेका तीन भैंसी र दुई पाडापाडीको स्याहारसुसारमा पनि उहाँले जीवनसाथीलाई सघाउनुहुन्छ । सुशील बिहुँका एक कालीगढ मात्रै हुनुहुन्न, परिश्रमिकका उदाहरण हुनुहुन्छ ।

# विन्ध्यवासिनी माध्यमिक विद्यालयमा विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौ



पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयले कक्षा १२ उतिर्ण विद्यार्थीलाई बधाई सहित सम्मान गरेको छ ।

विद्यालयमा शनिबार आयोजित एक कार्यक्रमकाबीच राष्ट्रिय परिक्षा बोर्डले हाले सार्वजनिक गरेको कक्षा १२ को नतिजामा सफल भएका १ सय ६ जना विद्यार्थीलाई सम्मान गरेको हो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरुदत्त भट्टराई, प्रधानाध्यापक कृष्णप्रसाद आचार्य, विद्यालयका सल्लाहकार वेनी बहादुर बस्नेत, विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष इन्द्र बहादुर बानिया, पूर्व अध्यक्ष नरनाथ भट्टराई, गोविन्द वहादुर वस्नेत, शिक्षक अभिभावक संघका अध्यक्ष भिमप्रसाद पौडेल, अङ्ग्रेजी विभागका प्रमुख खिमलाल अधिकारी सहायक प्रधानाध्यापक रामबहादुर बानियाँ, विद्यालय व्यवस्थापन समितिका सदस्य विमला भट्टराई लगायतकाले बधाई ज्ञापन गर्दै सम्मान गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरुदत्त भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले सबै पक्षको सहकार्य र मेहनतका कारण विद्यालयले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताउनुभयो। उहाँले विद्यालयको शैक्षिक तथा भौतिक अवस्थाको बारेमा समेत जानकारी गराउनुभयो । कार्यक्रममा विद्यालयका सल्लाहकार वेनी बहादुर बस्नेत, पूर्व अध्यक्ष ईन्द्र बहादुर बानिया, दश जोड दुईका संयोजक माधवराज अधिकारी, विज्ञान तथा प्रविधि विभागका डिन सुमन बस्नेत, विद्यार्थी एलिस अधिकारी लगायतले विद्यालयको शैक्षिक विकासमा कक्षा १२ को नतिजाले थप ईट्टा थपेको बताएका छन् ।

सोही अवसरमा बिएस्सी नर्सिङ तर्फ छात्रवृत्तिमा नाम निकाल्न सफल विद्यार्थी मनिका परियारलाई नगद २५ हजार सहित सम्मान गरिएको छ। सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट पहिलो बन्न सफल उक्त विद्यालय कक्षा १२ को नतिजामा पनि गण्डकी प्रदेश मै सर्वोत्कृष्ट बन्न सफल भएको छ । सो विद्यालयमा हाल व्यवस्थापन र विज्ञान संकायका कक्षा सञ्चालन भएका छन् ।

# बेँसीसहर-चामे सडक पुनःसञ्चालन

**पोखरापत्र संवाददाता**
लमजुङ, २ भदौ

पहिरोका कारण अवरुद्ध मनाङ र लमजुङ जोड्ने बेँसीसहर-चामे सडक पुनःसञ्चालनमा आएको छ । मनाङको नासों गाउँपालिका-१ तालडाँडामा पहिरो हटाएसँगै उक्त सडक पुनः सञ्चालनमा आएको हो ।

डुम्रे बेँसीसहर चामे सडक योजना कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर पुरुषोत्तम अधिकारीले भन्नुभयो, "केही दिनअघिको वर्षाका कारण जमिन गलेर पहिरो आएको थियो । ढुङ्गामाटो हटाएर सडक पुनःसञ्चालनमा ल्याएका छौं ।" सञ्चालनमा आए पनि उक्त सडकखण्डमा यात्रा जोखिमपूर्ण बन्दै गएको छ । जीर्ण सडकमा दैनिकजसो ठाउँठाउँमा पहिरो जाने क्रम रोकिएको छैन ।

कार्यालयका इन्जिनियर सुमन अधिकारीका अनुसार मनाङलाई सडक सञ्जालसित जोड्न २०५१ सालमा सडक डिभिजन कार्यालय दमौली, तनहुँले सडक निर्माण थालेको थियो । बीचमा निर्माणको काम रोकिएको थियो । विसं २०५७ देखि सेनाले सडक निर्माणको जिम्मा पाएको थियो । सेनाको कार्यगणले २०६९ सालमा सडक निर्माण सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरिएको हो । झण्डै ६५ किमी दूरी रहेको उक्त सडकमध्ये ३५ किमी लमजुङतर्फ र ३० किमी मनाङतर्फ पर्दछ ।

# पढाइसँगै नौमती बाजा बजाउन सिकाइँदै

**पूर्ण विके**
तनहुँ, २ भदौ

व्यास नगरपालिका-१० स्थित शिव माध्यमिक विद्यालयका केही शिक्षक र विद्यार्थी हिजोआज नियमित कक्षा लिनाका अलावा विद्यालयमा बाजा बजाउँदै नाचगान गरिरहेका भेटिन्छन् ।

विद्यार्थीलाई जीवनोपयोगी शिक्षा दिन विद्यालयले नौमती बाजा बजाउने तालिम दिएपछि अहिले विद्यालयका छ विद्यार्थी, सोही सङ्ख्यामा शिक्षक र तीन अभिभावक गरी १६ जना नियमित नौमती बाजा बजाउने अभ्यासमा व्यस्त हुने गरेका छन् ।

गत साउन १८ गतेदेखि बागलुङका नौमती बाजा प्रशिक्षक प्रकाश थापाले दमाहा, सहनाई, नरसिंहा, ढोलक, झ्याली, ट्याम्को बजाउने तालिम दिएपछि सहभागी बजाउन सक्ने भएका हुन् । तालिम पहिलो चरणमा एक महिनासम्म सिकाइने विद्यालयले जनाएको छ ।

"यति छिट्टै बजाउन सकिएला भन्ने लागेको थिएन", तालिमको दौरान ट्याम्को बजाउँदै गर्नुभएका कक्षा १० का विद्यार्थी आश्रुत लामिछानेले भन्नुभयो, "सुन्दा आनन्द लाग्ने धुन निकाल्न बढी नै मेहनत चाहिने रहेछ ।" नौमती बाजा बजाउने तालिममा लामिछानेसहित कक्षा ७ का साहिल नेपाली, सफल विक, कक्षा ८ का पुरन थापा, सुमन नेपाली र निम दोर्जे शेर्पा, शिक्षकहरू नेत्रबहादुर दरै, सञ्जीता दरै, शान्तिकुमारी दरै, रमा दरै, अस्मिता आले, भरतबहादुर श्रेष्ठ र गोपाल थापा, अभिभावकहरूमा नेत्रप्रसाद पौडेल, दुर्गा सापकोटा र विद्यालय व्यवस्थापन समिति अध्यक्ष विकास रिजाल रहनुभएको छ। आफूले तालिममा सहभागी विद्यार्थी, शिक्षक र अभिभावकलाई नौमती बाजाको ताल र चरणका बारेमा जानकारी गराएको प्रशिक्षक थापाले बताउनुभयो । सहभागीले सबै बाजा बजाउन १० दिनमै सिके पनि सहनाइ र नरसिंहा बजाउन भने करिब तीन महिनाको समय लाग्ने प्रशिक्षक थापाको भनाइ छ। "तालिममा सहभागीहरूले निकै अभिरुचिका साथ बाजा बजाउन सिक्नुभएको छ", प्रशिक्षक थापाले भन्नुभयो, "सहनाई र नरसिंहा बाजा बजाउन भने अझै समय लाग्छ ।" यसअघि आफूले विभिन्न समुदायलाई नौमती बाजा बजाउने तालिम दिए पनि विद्यालय स्तरका बालबालिका, शिक्षक र अभिभावकलाई तालिम दिएको यो दोस्रो भएको प्रशिक्षक थापाले बताउनुभयो । विद्यालयस्तरकै बालबालिकालाई यसरी नौमती बाजा बजाउन सिकाउनुले संस्कृतिको संरक्षणमा टेवा पुग्ने आफूले ठानेको उहाँले बताउनुभयो ।

नियमित कक्षालाई असर नपर्ने गरी अतिरिक्त कक्षाका रूपमा आफूहरूले विद्यार्थी, शिक्षक र केही अभिभावकलाई नौमती बाजा बजाउने तालिम प्रदान गरेको विद्यालयका प्रधानाध्यापक चन्द्रमणि कोइरालाले जानकारी दिनुभयो ।

लोप हुँदै गएको बाजालाई विद्यालय तहबाटै संरक्षण गर्नुपर्ने ठानेर आफूहरूले एक महिने तालिम दिएको उहाँको भनाइ छ । तालिममा सहभागीले बाजा बजाउन सिकेर नौमती बजाउन इच्छुक अन्य विद्यार्थीलाई समेत सिकाउँदै लैजाने योजना विद्यालयको रहेको प्रधानाध्यापक कोइरालाले बताउनुभयो ।

नौमती बाजाका अलावा विद्यालयले नृत्य शिक्षकसमेत राखेर विद्यार्थीलाई नृत्य प्रशिक्षण दिँदै आएको जनाएको छ । नौमती बजाउने तालिमका लागि करिब रु एक लाख खर्च हुने विद्यालयले जनाएको छ । "नौमती बाजा लोप हुँदै गएको छ, अब विद्यालय तहबाटै संरक्षण गर्नुपर्छ भनेर नै हामीले तालिम प्रदान गरेका हौँ", उहाँले भन्नुभयो, "यो तालिम दिएपछि सबैतिरबाट अहिले सकारात्मक प्रतिक्रियाले झनै हौसला मिलेको छ ।" तालिममा सिकेका सीपलाई व्यवहारमा लागू गर्न आफूहरूले तिहारमा खेलिने देउसीभैलो, विभिन्न सांस्कृतिक पर्व र विद्यालयका अतिरिक्त क्रियाकलापमा विद्यार्थीबाट नौमती बजाइने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रिजालले बताउनुभयो ।

"सिकेको सीपलाई त्यसै खेर जान दिइने छैन", उहाँले भन्नुभयो, "नौमती बाजाको संरक्षणका लागि हाम्रा विद्यार्थी अग्रसर भएका छन् भन्ने सन्देश दिन आवश्यक छ ।" विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त बैठक बसी नौमती संरक्षण गर्न अग्रसर रहने प्रतिबद्धता गरी तालिम दिने निर्णय गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रिजालले जानकारी दिनुभयो । उक्त विद्यालयमा हाल दुई सय १२ विद्यार्थी र २१ शिक्षक कार्यरत छन् ।

# तीन स्रष्टाका तीन कृति विमोचन

**रासस**
काठमाडौं, २ भदौ

साहित्यकार मोतिशोभा श्रेष्ठ, प्राडा सृजना श्रेष्ठ र प्राडा सविना श्रेष्ठका तीन कृति विमोचन गरिएको छ ।

साहित्यकार मोतिशोभाको 'चियाको चुस्की' लघु कथासङ्ग्रह, साहित्यकार प्राडा सृजनाको 'भोलि कोही नआउन्जेलसम्म' कविता सङ्ग्रह र प्राडा सविनाको 'एउटा जीवन छामेर हेर्दा' जीवन सङ्ग्रह पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले शनिबार विमोचन गर्नुभएको हो ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री एवम् साहित्यकार चन्दले तीन कृतिले नेपाली साहित्यजगत्‌मा नयाँ आयाम थपिएको बताउनुभयो । उहाँले कथासङ्ग्रह, कवितासङ्ग्रह र जीवनसङ्ग्रह पठनीय रहेको उल्लेख गर्नुभयो । "कथाकारको विशेषता भनेको सानो कुरालाई बढाएर लेख्ने हो," उहाँले भन्नुभयो ।

तीनवटै कृति गहिराइमा पुगेर लेखिएको उहाँको भनाइ थियो । पूर्वअर्थमन्त्री एवम् साहित्यकार शङ्करप्रसाद कोइरालाले प्राडा सविनाद्वारा लिखित पूर्वसचिव एवम् निर्वाचन आयोगका पूर्वआयुक्त विश्वमान श्रेष्ठका बारेमा लेखिएको 'एउटा जीवन छामेर हेर्दा' जीवन सङ्ग्रहबारे बोल्दै विश्वमान सरकारको कुशल प्रशासक भएको बताउनुभयो । "विश्वमानलाई बुझ्न चाहने नयाँ पुस्ताका लागि पुस्तकले सहयोग पुग्नेछ," उहाँले भन्नुभयो ।

वरिष्ठ गीतकार कालीप्रसाद रिजालले प्राडा सृजनाद्वारा लिखित 'भोलि कोही नआउन्जेलसम्म' कविता सङ्ग्रहबारे बोल्दै मेडिकल क्षेत्रमा कार्यरत व्यक्ति साहित्यमा कलम चलाएर कवितासङ्ग्रह प्रकाशित गर्नु महत्वपूर्ण कुरा भएको बताउनुभयो । उहाँले निरन्तर कृति प्रकाशित गर्नसमेत सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

साहित्यकार ध्रुव मधुकर्मीले साहित्यकार मोतिशोभाको कृति 'चियाको चुस्की' लघु कथा सङ्ग्रहबारे बोल्दै पुस्तकले नारी मनोविज्ञान, बाल मनोविज्ञान र समाजमा भोगिएका भोगाइलाई समेटेको बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २००९/०५/२६ गते

स्वर्गारोहणः २०८०/०४/२९ गते

स्व. काशी प्रसाद भण्डारी

यस रोटरी क्लब अफ पोखरा लेकसाईडका सदस्य किशन भण्डारी एवं शुभचिन्तक कृष्ण भण्डारी, किरण भण्डारी र रिता भण्डारी कोइरालाका पुजनीय पिता काशी प्रसाद भण्डारी को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

शोभाकान्त सिग्देल
अध्यक्ष तथा
रोटरी क्लब अफ पोखरा लेकसाईड परिवार